# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०२।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला संखुवासभा, धर्मदेवी नगरपालिका वडा नं. ४ हुम्लिङ्गमा रहेको शारदा माध्यमिक विद्यालयको खानेपानी आपूर्तिको लागि प्रदेश नं. १ बाट आ.ब. २०७५/०७६ मा विनियोजित भएको रकम र पुस्तकालय व्यवस्थापनको लागि आ.ब. २०७४/०७५ मा जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको रकमबाट कुनै पनि कामको शुरुवात नै नगरी बिल भरपाई मिलाई रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला संखुवासभा, धर्मदेवी नगरपालिका वडा नं. ४ मा रहेको श्री शारदा माध्यमिक विद्यालयलाई आ.ब. २०७४/०७५ मा पुस्तकालय व्यवस्थापनको लागि शिक्षा विभागबाट अनुदान स्वरुप जिल्ला शिक्षा कार्यालयको निर्णय बमोजिम शिक्षा विकास तथा समन्वय इकाईमार्फत विद्यालयको खातामा जम्मा भएको रकमबाट विद्यालयका तत्कालीन प्रधानाध्यापक कृष्णहरी भट्टराई र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारीले शाक्य अफसेट प्रेसका प्रोप्राइटर केशब कुमार शाक्यसँग मिलेमतो गरी उल्लिखित पुस्तकहरु खरिद नै नगरी पुस्तक खरिद गरेको भनी झुट्टा बिल भरपाई बनाई एवं सम्झौता हुनु अगाडि नै विद्यालयमा खरिद भएको ल्याप्टपको बिलसमेत संलग्न राखी पुस्तकालय व्यवस्थापनको लागि अनुदान स्वरुप प्राप्त सरकारी रकम हिनामिना गरेको तथा सोही विद्यालयलाई आ.ब. २०७५/०७६ मा प्रदेश नं. १ सामाजिक सुरक्षा मन्त्रालयबाट शिक्षा विकास तथा समन्वय इकाईमार्फत खानेपानी व्यवस्थापनको लागि निकासा भएको रकमसमेत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारीले सम्झौता गरी बजेट निकासा गराई विद्यालयलाई खानेपानी उपलब्ध गराउने सम्बन्धी कुनै पनि काम नै नगरी चेकमा अघिल्लो कार्यकालका प्रधानाध्यापक कृष्णहरी भट्टराई र शिक्षक लालबाबु मण्डलको दस्तखत गरी/गराई सोही चेकबाट उक्त खानेपानी व्यवस्थापनको लागि निकासा भएको रकमसमेत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारीले निकाली सरकारी रकम हिनामिना गरेको पुष्टि हुन आएको हुँदा निजहरु तत्कालीन प्रधानाध्यापक कृष्णहरी भट्टराई, शिक्षक लालबाबु मण्डल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारी र शाक्य अफसेट प्रेसका प्रोप्राइटर केशब कुमार शाक्यउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | शारदा माध्यमिक विद्यालय हुम्लिङ्गका तत्कालीन प्रधानाध्यापक **कृष्णहरी भट्टराई** र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **गोपाल कुमार अधिकारी** | रु.४,६०,४५५।- | आ.व. २०७४/०७५ मा पुस्तकालय व्यवस्थापनको लागि अनुदान स्वरुप प्राप्त भएको रकम हिनामिना गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिमको कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन मागदावी लिइएको छ। |
| | | रु.३,४३,०००।- | आ.व. २०७५/०७६ मा प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयबाट खानेपानी व्यवस्थापनको लागि निकासा भएको बजेट हानीनोक्सानी गरेकोले |

| | | | |
|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा १७ ले निर्देशित गरेबमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र ऐ.ऐ. ऐनको दफा ३(१) अनुसार बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हिनामिना गरेको रकम असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| २. | शारदा माध्यमिक विद्यालय हुम्लिङ्गका तत्कालीन शिक्षक **लालबाबु मण्डल** | रु.३,४३,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले ऐ.ऐनको दफा १७ ले निर्देशित गरेबमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र ऐ.ऐ. ऐनको दफा ३(१) अनुसार बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको रकम असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | शाक्य अफसेट प्रेस चैनपुर, संखुवासभाका प्रोप्राइटर **केशब कुमार शाक्य** | रु.४,१०,४५५।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरको ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा व्यवस्था भएबमोजिम मतियारको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्थावमोजिम मुख्य कसुरदारलाई भए सरहकै कैद जरिवानाको सजाय हुनुका साथै बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे